आज मिति २०८०।०८।२० गते बुधबारका दिन दिनको १०:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८०/८१ को आठौं बैठक तपसिलको उपस्थितिमा गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| श्याम पुर्जा | आमन्त्रीत सदस्य (वडा नं. ४ का.वा. अध्यक्ष) | |

अन्य उपस्थिति :

१) रमेश थापा, सू-प्र-अ.

२) प्रेम पराजुली, वरिष्ठ लेखा सहायक

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पाखरबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

कार्यपालिका बैठक मिति : २०८०।०८।२० गते

समय : दिनको १०:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८०।०८।१७ गते

**मिति २०८०।०८।२० गतेको कार्यपालिका बैठकका प्रस्तावहरु**

प्रस्ताव नं. १ पूर्व निर्णयहरुको समीक्षा,

प्रस्ताव नं. २ झोलुङ्गे पूलको विवरण/ पूल माग सम्बन्धमा,

प्रस्ताव नं. ३ वडा नं ७ को जग्गा निशुल्क प्राप्ती,

प्रस्ताव नं. ४ क्षमता विकास योजनाको प्रकिया अगाडि बढाउने सम्बन्धमा ।

प्रस्ताव नं. ५ बचत तथा श्रण कारोबार गर्ने सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार र सेवाकेन्द्र स्वीकृतमा रोक लगाउने सम्बन्धी मन्त्रालयको पत्रको सम्बन्धमा,

प्रस्ताव नं. ६ बालमैत्री स्थानीय शासनको कार्यविधिहरु,

प्रस्ताव नं. ७ कृषि अनुदानको कार्यक्रम सञ्चालन सम्बन्धमा

प्रस्ताव नं. ८ उद्यम विकास शाखाको कार्य योजना स्वीकृत गर्ने सम्बन्धमा,

प्रस्ताव नं. ९ विविध ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

निर्णय नं. १

प्रस्ताव नं १ उपर छलफल गर्दा तपसिलको निर्णय गर्ने ।

क) कार्यपालिकाको पूर्व निर्णयहरुको समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यन्वयन भएको पाइयो।

ख) मिति २०८०।०७।१७ को कार्यपालिकाले वडा न. १ निवासी श्री मखन बहादुर तिलिजाको तिलिजाको घर भत्कीई बसोबास गर्न कठिन भएकाले छानो छाउनका लागि आवश्यक पर्ने जस्तापाता उपलब्ध गराउने प्रयोजनका लागि प्राविधिक नापजाँच गरी पेश गर्ने निर्णय भएकोमा प्राविधिक इस्टिमेट अनुसारको रु ७२८३८।३२ ( अक्षेरुपी बहत्तर हजार आठ सय अठतिस रुपैया बत्तिस पैसा) को जस्तापाता खरिद गरि उपलब्ध गराउने ।

ग) गाउँपालिका कार्यालयको लागि प्रशासकीय भवनको लागि जग्गाको व्यवस्था गर्ने सम्बन्धमा निर्धारित समितिले थप छलफल गर्ने ।

घ) जिल्ला प्रशासन कार्यालय, म्याग्दीको प.स. ०८०/०८१, च.न. ९४८, मिति २०८०।०७।१६ गतेको आवश्यक कारवाही गर्ने सम्बन्धको पत्रमा गाउँपालिका कार्यालयले भाडामा लिएको बोलेरो जिपको सम्बन्धमा प्रमुख प्रशासकीयको कमिशनको खेल जस्तो लाग्छ भन्ने उजुरीको जानकारी प्राप्त भयो । सो सवारी साधन भाडामा लिने सम्बन्धमा मिति २०७६।०४।२९ गतेको गाउँ कार्यपालिकाको बैठकले कठिन भौगोलिक बनावट र कच्ची सडकमा कार्यालयको नाममा रहेको सवारी साधन प्रयोग गर्न कठिनाई हुने निश्कर्ष सहित कार्यसञ्चालनको लागि सवारी साधन भाडामा लिने सूचना प्रकाशन गरी मिति २०८०।०८।०६ गते योगेन्द्र पुन संग सम्झौता गरिएको र मिति २०७७।०४।१५ गते सूचना प्रकाशन गरी फेरी योगेन्द्र पुनसंग नै सवारीसाधन साधन सम्झौता गरी भाडामा लिइएको र मिति २०८०।०३।१७ को कार्यपालिका पूर्ववत शर्तमा नै सोही गाडी भाडामा निरन्तर लिने निर्णय गरिएको हुदा हालसम्म सोही सम्झौतालाई निरन्तरता दिईराखिएको हुँदा उक्त सन्दर्भमा प्र.प्र.अ. तथा अन्य कुनै पद विशेषको लाभ, स्वार्थ नजोडिएको तथा व्यक्तिगत कमिशन लिने काम नभएको हुदा कानुन सम्मत र स्वार्थ नराखीकन भाडामा लिइएको प्रतिकृया सम्बन्धित निकायहरुमा पेश गर्ने ।

ङ) गाउँपालिकाको मिति २०८०।०६।०४ गते प्रकाशित नविकरणीय उर्जा कार्यक्रम अन्तर्गत सुधारिएको चुल्हो र सोलार वत्ती वितरण सम्बन्धी सूचना उपर प्राप्त निवेदनहरु वडा कार्यालयहरुले विवरण तयार गरी मंसिर मसान्त भित्र गाउँपालिका कार्यालयमा पेश गर्ने ।

निर्णय नं. २

प्रस्ताव नं. २ उपर छलफल गर्दा यस गाउँपालिकामा विद्यमान रहेका र आवश्यक थप झोलुङ्गे पूलहरुको विवरण तयार भएकाले सोमा प्राथमिकिकरणका लागि वडा कार्यालयमा पत्राचार गर्ने । र

अमृत सुवेदी

अन्नपूर्ण गाउँपालिका

वडा कार्यालयबाट प्राथमिकिकरण भएर आएका थप झोलुङ्गे पूलहरु आगामी कार्यपालिकाबाट स्वीकृत गरी सम्बन्धित निकायमा निर्माणको लागि माग गर्ने ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ उपर छलफल गर्दा ७ नं वडा कार्यालयको लागि प्राप्त निशुल्क जग्गाहरुको विषयमा कार्यपालिकाको मिति २०८०।०१।२४ गतेको निर्णयले वडा कार्यालयबाट सिफारिस भई आएका निशुल्क जग्गाहरु प्राप्ति गर्ने सम्बन्धमा केही जग्गाहरु कालीगण्डकी करिडोर सडकको मापदण्डमा पर्ने भएकाले ७ नं वडा कार्यालय हिस्तानको प.स. २०८०।८१, चलानी नं. ३२२, मिति २०८०।०८।१७ गतेको सिफारिस अनुसार वडा नं. ७ मा वडा कार्यालयको लागि प्राप्त निशुल्क जग्गाहरु गाउँपालिकाको नाममा प्राप्ती गर्ने प्रकृया अघि बढाउने ।

तपसिल:

| क्र.सं. | जग्गाधनीको नाम,थर | वडा नं./सि.नं. | कि.नं. | क्षेत्रफल | सडकमा पर्ने जग्गा बाहेकका क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | भक्तरास पुन | ३/क | १८ | ०-८-०-० | ०-७-१-० | |
| २. | परजित गर्बुजा | ३/क | १६ | ०-६-०-२ | ०-६-०-२ | |
| ३. | यम बहादुर गर्बुजा | ३/क | ३९७ | ०-७-१-१ | ०-५-२-१ | |
| ४. | लोक बहादुर फगामी पुन | ३/क | २७ | ०-६-१-३ | ०-४-२-३ | |
| ५. | मन बहादुर पुर्जा | ३/क | १७ | ०-३-१-१ | ०-३-१-१ | |
| ६. | भिममाया गर्बुजा | ३/क | १५ | ०-३-३-३ | ०-३-३-३ | |
| ७. | गौमाया गर्बुजा | ३/क | १९ | ०-५-२-० | ०-२-३-३ | |
| ८. | रत्न बहादुर गर्बुजा | ३/क | १४ | ०-६-०-२ | ०-६-०-२ | |
| ९. | गौरी गर्बुजा | ३/क | २९ | ०-५-०-१ | ०-५-०-१ | |
| १०. | जत्नु गर्बुजा | ३/क | २८ | ०-४-१-२ | ०-१-३-० | |
| ११. | प्रितम रन्तिजा | ३/क | ३९५ | ०-१२-३-१ | ०-२-०-० | कित्ता काट गर्नुपर्ने । |
| १२. | नरी गर्बुजा | ३/क | १३ | ०-४-३-२ | ०-३-०-२ | |

निर्णय नं. ४

प्रस्ताव नं. ४ उपर छलफल गर्दा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र अन्नपूर्ण गाउँपालिका विच मिति २०८०।०८।०८ गते भएको समझदारी बमोजिम अन्नपूर्ण गाउँपालिकाको क्षमता विकास

अमृत सुवेदी
...प्रशासकीय अधिकृत

भरत कुमार पुन

योजना/रणनीति निर्माण गर्ने प्रकृयालाई अघि बढाउने साथै उक्त कार्यक्रमको सम्पर्क व्यक्ति गाउँपालिकाको प्रशासकीय अधिकृत भगवती खड्का कटुवाललाई तोक्ने ।

निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. २०८०/८१, चलानी नं २१०, मिति २०८०/०८/१२ गतेको पत्रमार्फत मिति २०८०/०७/२३ को मन्त्रिपरिषद्को बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्र स्वीकृतिमा रोक लगाउने सम्बन्धी निर्णय जानकारी प्राप्त भयो । सोही अनुसार कार्यान्वयन गर्ने ।

निर्णय न. ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा बालमैत्री स्थानीय शासनको कार्यविधिहरु आगामी कार्यपालिका मिति २०८०।०८।२६ मा बसी गते छलफल गरी स्वीकृत गर्ने ।

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा आ.व.२०८०।०८१ मा यस अन्नपूर्ण गाउँपालिकाको कृषि शाखाबाट संचालन हुने कार्यक्रमको लागि मिति २०८०।०५।२३ मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका आवेदनहरुको अनुगमन समितिले मुल्याङ्कन गरी कार्यपालिकामा पेश गरिएका तपसिलका कृषक/फर्म/कृषि समूहलाई छनोट गरी अनुदानमा कार्यक्रम सञ्चालन गर्ने ।

तपसिल :

१) कार्यक्रमको नाम : तरकारीको विउ उत्पादन कार्यक्रम

| क्र.स | कृषक/कृषक समूहको नाम | ठेगाना | आवेदकको नाम | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | लालीगुरांस तरकारी विउ उत्पादन कृषक समूह | अन्नपूर्ण ६ | मिठ्ठु बि.क | | छनोट भएको |

२) कार्यक्रमको नाम : साना सिंचाई कार्यक्रम

| क्र.स. | कृषक/कृषक समूहको नाम | ठेगाना | आवेदकको नाम | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | काली खोला कृषि तथा पशुपंक्षी समूह | अन्नपूर्ण ८ | धन ब.पुर्जा | | छनोट |

अमृत सुनार
प्रशासकीय अधिकृत

भारत कुमार पुन

| | | | | | |
|---|---|---|---|---|---|
| २ | आरजु कृषि तथा पशुपालन फर्म | अन्नपूर्ण ७ | कुम ब.पुर्जा | ९८४६६५८५३४ | छनोट |

३) कार्यक्रमको नाम : उत्पादनमा आधारित प्रोत्सान कार्यक्रम

| क्र.स. | कृषक/कृषक समूहको नाम | ठेगाना | आवेदकको नाम | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | पाईजा पशुपालन तथा कृषि फर्म | अन्नपूर्ण ८ | तुल ब. पाईजा | | छनोट भएको |
| २ | चित्र कृषि तथा पशुपंक्षी फर्म | अन्नपूर्ण ८ | चित्र ब.गबुर्जा | ९८४६०६९७२५ | छनोट भएको |
| ३ | बेग करवाकेली जडिबुटि तथा फलफूल नर्सरी उद्यम | अन्नपूर्ण ७ | बेग ब.पुर्जा | ९८४०६१३६६२ | छनोट भएको |
| ४ | वरुवाल हरियाली तरकारी फर्म | अन्नपूर्ण ६ | तेज ब.बरुवाल | | छनोट भएको |
| ५ | टिका पाईजा तिलिजा | अन्नपूर्ण ७ | टिका पाईजा | ९८०५१५४२८७ | छनोट भएको |

४) कार्यक्रमको नाम : च्याउ घर निर्माण कार्यक्रम

| क्र.स. | कृषक/कृषक समूहको नाम | ठेगाना | आवेदकको नाम | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | धौलागिरी बहुउद्देशिय कृषि तथा पशुपंक्षी फर्म | अन्नपूर्ण ६ | शिव बरुवाल | ९८६०१९७८७५ | छनोट |

५) कार्यक्रमको नाम : कृषि आधुनिकिकरणका लागि मेशिनरी उपकरण सहयोग कार्यक्रम

| क्र.स. | कृषक/कृषक समूहको नाम | ठेगाना | छनोट भएको सामाग्रीको नाम र संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | गोकुल बहादुर बरुवाल | अन्नपूर्ण ६ | मिनिटिलर-१ | |
| २ | अन्नपूर्ण कृषि तथा पशुपंक्षी फर्म | अन्नपूर्ण ८ | मिनिटिलर-१ | |
| ३ | राज कार्की | अन्नपूर्ण २ | मिनिटिलर-१ | |

प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन

| | | | | |
|---|---|---|---|---|
| ४ | वेसी सुन्तला कृषक समूह | अन्नपूर्ण १ | मिनिटिलर- १, सिकेचर- १०, आरी-९, भन्याङ-८ तौलमेशिन-२ | |
| ५ | योमाया पाइजा | अन्नपूर्ण-३ | मिनिटिलर-१ | |

६) कार्यक्रमको नाम : प्लाष्टिक घर निर्माण कार्यक्रम

| क्र.स | कृषक/कृषक समूहको नाम | ठेगाना | आवेदकको नाम | फोन न. | कैफियत |
|---|---|---|---|---|---|
| १ | लेकबेसीं तरकारी फर्म | अन्नपूर्ण २ | भक्त ब. बि.क | | छनोट भएको |
| २ | टिका पाईजा तिलिजा | अन्नपूर्ण ७ | टिका पाइजा | ९८०५१५४२८ ७ | छनोट भएको |

निर्णय नं ८

प्रस्ताव नं ८ उपर छलफल गर्दा गाउँपालिकाको उद्यम विकास समितिको मिति २०८०।०८।२० को बैठकबाट चालु आ.व. २०८०।८१ को लागि गरिवि निवारणको लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत उद्यम विकास शाखाको तपसिलको कार्ययोजना स्वीकृत गर्ने ।

| स.न. | क्रियाकलाप | लक्ष्य | | बजेट रु | बजेट रु | प्रतिशत | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ईकाइ | सख्या | | | | सा | भ | अ | का | मं | पु | मा | फा. | चै | वै | जे | अ |
| | नयाँउद्यमी सिर्जना | | | पालिकाको र मेडपाको | १९२००,०० | | | | | | | | | | | | | |
| १ | उद्यमविकासका लागि सामाजिक परिचालन)अभिमुखिकरण( | सहभागी | ९० | | ३२२००। | ३५. | | | | | | | | | | | | |
| २ | उद्यमशीलता विकास तालिम | | ४५ | | ९००००। | ४.५ | | | | | | | | | | | | |
| ३. | प्राविधिक सीप विकास तालिम | गोटा | ५ | | ९४८८००-/ | ३९ | | | | | | | | | | | | |
| ४ | लघुवित्तमा पहुँच | उद्यमी | ४० | | ४७२००/- | २ | | | | | | | | | | | | |

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | उपयुक्त प्रविधि पहुँच तथा हस्तान्तरण | | | | ३७२००/- | १६ | | | | | | | | | | | | |
| ६ | बजारसम्बन्धन विकास | | | | ४८०००/- | २.५ | | | | | | | | | | | | |
| | उद्यमविकास सहजकर्ता परिचालन | | | | ४९९२०० -/ | २६ | | | | | | | | | | | | |
| | अनुगमन, मूल्यांकन र अभिलेख व्यवस्थापन | | | | ७०००० | ० | | | | | | | | | | | | |
| | भइरहेकोउद्यमीको स्तरोन्नति | | पालिका र मेडपा | १६०००० | २४०००० -/ | | | | | | | | | | | | | |
| | कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण | समूह | ५ | १४०००० | १४०००० -/ | | | | | | | | | | | | | |
| | कूल जम्मा बजेट | | | | २११४२०० | १०० | | | | | | | | | | | | |

अक्षरुपी एक्काइसलाख चौध हजारदुई रुपैया मात्र ।

मेडेपा बाट र पालिकाको जम्मा रकम २३००००० मा खर्च रकम मेडपामा रु २११४२०० मात्र सिप तालिममा अन्य २ लाख पनि मागको आधारमा सन्चालित गरिने छ ।

**निर्णय नं ९:**

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिलको बमोजिम गर्ने :

क) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई सफलता पूर्वक सम्पन्न गर्नका लागि सबै शाखाहरु, जनप्रतिनिधिहरुले रचनात्मक सहयोग गर्ने ।

ख) यस गाउँपालिकाको वडा न. ६ घार निवासी याम बहादुर खड्काले मिति २०८०।०८।२६ गते गाउँपालिकाको सभाहलमा आयोजना गरेको भाङ्गो खेती बारे गोष्ठीको जानकारी/ निमन्त्रणा सम्बन्धमा जानकारी प्राप्त भयो ।

ग) प्रदेश सरकारको कृषि तथा भूमि व्यवस्था मन्त्रालय, कृषि विकास निर्देशनालयको प.स. २०८०।८१, चलानी न. ४१६, मिति २०८०।०८।१२ को पत्रामार्फत मिति २०८० पौष

अमृत सुवेदी
...कीय अधिकृत

भरत कुमार पन

२० देखी २२ सम्म हुने "प्रथम प्रादेशिक कृषि मेशिनरी मेला, २०८०"को आमन्त्रण गरिएएको जानकारी प्राप्त भयो ।

घ) ४ नं वडा कार्यालय नारच्याङ्गले प.स. २०८०।८१, चलानी न. २६८, मिति २०८०।०८।१९ गते गाउँपालिकाको आ.व. २०८०।८१ को स्वीकृत बार्षिक कार्यक्रम नारच्याङ्ग सडक ढलान आयोजना सञ्चालन सम्बन्धी ध्यानाकर्षण गराएको विषय गाउँपालिकाको बार्षिक खरिद योजना पारित भैसकेकाले सोही बमोजिम नै गर्ने ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका
गाउँपालिकाको कार्यालय
...ार, म्याग्दी
...प्रदेश, नेपाल
२०७३

भारत कुमार पुन
अध्यक्ष